NJ: NUTA

# नेपालको अर्थतन्त्रमा विश्वव्यापिकरणको प्रभाव

**लिलाबल्लभ ढकाल**
सहप्राध्यापक, बुटबल बहुमुखी क्याम्पस, बुटबल
Email for correspondence: dhakallb@yahoo.com

## सारसंक्षेप

*विश्वव्यापिकरण विश्वमा आर्थिक, राजनीतिक एवम् सास्कृतिक पद्धतिहरुको एकिकरण हो । यसले संसारमा बिचार, बस्तु तथा सेवाहरुको स्वतन्त्र आवागमनको पक्षपोषण गर्दछ । यसले विश्वका सम्पूर्ण मानवजाति विचको अन्तरसम्बन्धलाई बढावा दिन्छ । यसले संसारका उद्यमीहरु विच प्रतिश्पर्धा तथा उदारीकरण र निजीकरणलाइ जोड दिदै विश्वका मुलुक तथा जनताहरुबिच एकिकृत तथा अन्तरआश्रित अर्थतन्त्रको निर्माणमा ध्यान दिन्छ । विश्वव्यापिकरणले पूँजी, प्रबिधि, श्रम तथा उत्पादनका अन्य साधनहरुको विश्वव्यापिरुपमा स्वतन्त्र आबागमनमा जोड दिने भएकोले एउटा अन्तरनिर्भर विश्वअर्थतन्त्र निर्माणमा कोषेढुङ्गाको काम गर्दछ । विश्वका बिभिन्न मुलुकहरुले निर्माण गरेका व्यापारिक अबरोधहरुको अन्त्य वा न्यूनीकरण गरी वस्तु तथा सेवाहरुको अन्तराष्ट्रिय बजारको निर्माण गर्दछ । नेपालले आफ्ना श्रमिकहरुलाइ अन्तराष्ट्रियश्रमबजारमा आपूर्ति गर्न सफल हुनुको मुख्यकारण पनि विश्वव्यापिकरणकै परिणाम हो । देशबाट ठूलो संख्यामाश्रमशक्ति विदेशी मुलुकहरुमा पुगी श्रम गरी खर्बौंको बिप्रेषण नेपाल भित्रिएको छ । यसबाट नेपालमा गरिबी न्यूनीकरण भइ नेपालीहरुको आर्थिक स्तर बढाउने काम भएको छ । नेपाली उत्पादनले विदेशी बजार पाएको छ । पूँजी एवम् प्रबिधि भित्रीएको छ । नयाँ बिचार, पद्धति, संस्कृति एवम् सभ्यताको विनिमय भएको छ । तर यी फाइदाहरुको बाबजुत विश्वव्यापिकरणले नेपाललाई वैदेशिक बस्तुहरुको बजारमा रुपान्तरित गरेको छ । आन्तरिक उद्योगधन्दा विस्थापित भएका छन् । अन्तरनिर्भरता भन्दा पनि परनिर्भरता बढेर गएको अवस्था छ । व्यापार घाटा चुलिएर गएको छ । बिप्रेषणमा आधारित अर्थतन्त्र निर्माण हुन पुगेको छ ।*

**मुख्य शब्दावलीहरू:** विश्वव्यापिकरण, श्रम बजार, विज्ञान तथा प्रविधि, आन्तरिक तथा वाह्य बजार र राष्ट्रिय स्वाधिनता ।

## परिचय

नेपाल सानो पहाडी मुलुक हो । यो ऐतिहासिक कालदेखि नै स्वतन्त्र तथा स्वाधिन रही आएको छ । संसारका अति ठूला, सम्बृद्धशाली तथा शक्ति सम्पन्न मुलुकहरु पनि इतिहासको बिभिन्न कालखण्डमा बैदेशिक दबाब, हस्तक्षेप तथा उपनिबेश कायम हुँदै आएका र स्वाधिनताका लागि जीवन मरणको लामो राष्ट्रियमुक्ति आन्दोलन मार्फत बिजय भइ सार्बभौम सत्तासम्पन्न बनेका हुन् । तर नेपालीहरु चीरकालदेखि नै स्वाधिन तथा स्वतन्त्र रहि आएका छन् । नेपालीको लोकतन्त्र प्राप्तिको आन्दोलनले सात दशक लामो दुखद यात्रा गर्नु पर्यो । अन्तमा २०६२।६३ को ऐतिहासिक जनआन्दोलनले सामन्ति निरङ्कुस राजतन्त्रको अन्त्य गरी स्वतन्त्र, सार्बभौमसत्तासम्पन संघिय

लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्यो । नेपालीहरुको लोकतन्त्रप्राप्तिको सात दशक लामो लडाइले बिजयको शिखर चुम्न त सफल भयो तर गरिबी, असमानता तथा पछौटेपनको अवस्था जस्ताको तस्तै रहिरहेको छ ।

देशमा गरिबी, बेरोजगारी र अभाब नै अभाबको स्थिति कायम रहे पनि जनताको लोकतन्त्र प्रातिको अगाध आस्था, प्रेम तथा लगाबले संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ । र जनताको संविधान जारी भएको अवस्था छ । लामो समय देखि कायम रहेको एकात्मक तथा केन्द्रिकृत सासन प्रणालीको अन्त्य भई संघिय समावेशी लोकतान्त्रिक प्रणाली बहाली भएको छ । सबै बर्ग, तप्का, लिङ्ग, जातजाती, धर्म, बर्ण र सम्प्रदायका मानिसहरु देशको शासन प्रणालीमा समानुपातिक पद्दतिका आधारमा सहभागी हुन पाउने आधार तयार भएको छ । एउटै जाति, एउटै भाषि, एउटै धर्म, एउटै संस्कृती तथा एउटै लिङ्गको मात्र शासन प्रणालीमा रहेको एकाधिकारको अन्त भएको छ । सबैको समानुपातिक प्रतिनिधित्वलाइ सुनिश्चित तथा कानुन मार्फत प्रत्याभुत गरिएको अवस्था छ । केन्द्रमा अवस्थित अधिकारहरु गाउँनगरमा स्थापित भएका छन् । आफ्नो भाग्य आफै निर्माण गर्ने, संम्बृद्धि प्राप्तिको लडाइमा आफै नेतृत्व गर्ने तथा देशमा उपलब्ध साधन तथा स्रोतको परिचालन गर्ने सार्बभौम अधिकारबाट नेपाली जनताहरु ओतप्रोत भएका छन् । यसबाट नेपाली जनताले आर्थिक सम्बृद्धिको मार्ग पहिलाउन सफल हुने आधारहरु निर्माण भएका छन् ।

आजको युग भू मण्डलीकरणको युग हो । सञ्चार तथा यातायातको क्षेत्रमा भएको अदभुत तथा चमत्कारिक विकासले संसारलाई एउटा सानो गाँउमा रुपान्तरीत गरेको छ । संसारको एक कुनामा बस्ने मानिसले संसारको अर्को कुनामा बस्ने मानिससँग सम्बन्ध स्थापित गर्न सक्ने, आफ्ना भावना तथा इच्छाहरु एक आपसमा लेनदेन गर्न सक्ने, संसारमा विकसित आधुनिक प्रबिधिको उपयोग गर्न पाउने तथा साधन तथा स्रोतहरुको संसारभरी प्रबाह गर्न सक्ने वातावरण निर्माण भएको छ । विश्वव्यापिकरणको आजको यो अवस्थाले मानिसलाइ थुप्रै अवसरहरु दिएको छ भने उनिहरुलाइ थुप्रै चुनौतीहरु पनि थपेको छ । आजको विवेकशिल तथा बुद्धिवान मानिसले यसले सृजना गरेका अवसरहरुको व्यापक उपयोग गरी चुनौतिहरु सामना गर्न सक्ने सक्षम तथा स्वाभिमान नागरिकहरुको निर्माण समेत गरेको अवस्था छ । विश्वव्यापिकरणका बर्तमान उपलब्धिहरुको रक्षा, प्रयोग र विकास गरी मुलुक सम्बिृद्ध तथा बैभबशाली बन्ने अवसरहरु सबैलाइ प्राप्त भएका छन् । यसको राम्रो तथा बिबेकशिल उपयोग आजको आवस्यकता भएको छ ।

## अध्ययनको उद्देश्य

विश्वव्यापिकरण विज्ञान तथा प्रबिधिमा भएको तिब्र विकासको परिणाम हो । यसले संसारलाइ एउटा सानो गाँउ बनाएको छ । यो सबै मानव जातीको पहुँचको बिषय भएको छ । पूँजी, प्रबिधि तथा श्रमको विश्वव्यापिरुपमा हस्तान्तरण गरेको छ । उदारीकरण तथा निजीकरणलाई जोड दिनुको साथै राष्ट्रराष्ट्र बिच कायम व्यापारिक अवरोधहरु कम गरी विश्वबजारको निर्माण गरेको छ । मानव जातिले आफ्नो घर आगनमा सस्तो तथा गुणस्तरीय बस्तुहरु पाउन सफल भएका छन् । प्रस्तुत सन्दर्भमा विश्वव्यापिकरणको अर्थ र यसले नेपाली अर्थतन्त्रमा पारेको प्रभाब बारे सोधखोज गर्नु प्रस्तुत लेखको उद्देश्य हो ।

## अध्ययन बिधि एवम् तथ्यांकिय स्रोत

प्रस्तुत लेख द्वित्तीय सूचनामा आधारित भइ तयार पारिएको छ । सरकारी एवम् निजी क्षेत्रबाट प्रकासित पत्रपत्रिका र पुस्तकहरु सन्दर्भ ग्रन्थको रुपमा ग्रहण गरी वर्णात्मक बिधिका आधारमा तयार गरिएको छ ।

## बिश्वव्यापिकरणको अवधारणा

विश्वव्यापिकरण बिज्ञान तथा प्रबिधिको विकासको परिणाम हो । यसैका कारण आज संसार एउटा सानो गाँउ (global village) मा परिणत भएको छ । खास गरी विश्व राजनीतिक, आर्थिक तथा सांस्कृतिक पद्धतिहरुको एकीकरण भई सबैको पहुँचको बिषय बनेको छ । यसले संसारमा विचार, सामान तथा सेवाहरुको स्वतन्त्र आवागमनलाई पत्याभूत गरेको छ । साथै यसले विश्वका सम्पूर्ण मानवहरु बिचको आपसी अन्तरसम्वन्धलाई बढावा दिएको छ । विश्वव्यापिकरणले विश्वका पूँजीपति वा उद्यमीहरुका बिच तिब्र प्रतिस्पर्धाको वातावरणको निर्माण गरेको छ। अझ यसले आर्थिक मामिलामा उदारीकरण तथा निजीकरणलाइ महत्व दिएको छ। त्यसै कारण यसले विश्वलाई एकीकृत तथा अन्तरआश्रित बनाउने काम गरेको छ (पौड्याल तथा अन्य, २०७१: ३५४) ।

विश्वव्यापिकरणले विश्वका बिभिन्न मुलुकहरु बिच आर्थिकरुपले अन्तरनिर्भर बनाएको छ । यसले एउटा देशको सिमानालाई नाघेर विश्वका सबै मुलुकहरुमा आफ्ना बस्तु तथा सेवाहरु पुर्याउने, एक आपसमा प्रतिस्पर्धा गर्ने तथा पूँजी प्रबिधि, श्रम तथा व्यापार फैलाउने काम गर्दछ । साथै यसले राजनीतिक रुपमा विश्व समुदायको विचार, मूल्य र मान्यताहरुको एकीकरण गर्दछ र विश्वलाइ एउटै सुत्रमा आवद्ध हुन प्रेरीत गर्दछ(पन्त तथा अन्य २०७१ : २८०) । संसारका सम्पूर्ण मुलुकहरु बिच आपसी सद्भाब, विश्वास र बिचारहरुको एकीकरण गर्न मदत गर्दछ ।

विश्वव्यापिकरणले राष्ट्रिय अर्थतन्त्रलाइ अन्तराष्ट्रिय जगतसँग जोड्न सहयोग गर्दछ । यसले विश्व समुदायलाइ एकीकृत तथा अन्तरआश्रित अर्थतन्त्रमा रुपान्तरित गर्दछ । साथै व्यवसायमा सरकारी हस्तक्षेपलाइ अन्त्य गर्दै खुला, उदार तथा निजी अर्थतन्त्रको पक्षमा ओकालत गर्दछ । संसारका व्यवसायी एवम् उद्यमीहरु बिचमा कडा प्रतिस्पर्धाको अवधारणालाइ महत्व दिन्छ । हाल संसारका बिभिन्न मुलुकहरु बिच पूँजी, जनशक्ति, सामाग्रीहरु, व्यवस्थापन तथा प्रबिधि स्वतन्त्र तथा निर्बाध आबागमनलाई जोड दिन्छ। व्यावसायीहरुले राजनैतिक तथा कानुनी बन्देज बिना उत्पादनका साधनहरुलाई संसारको कुनैपनि मुलुकमा हस्तान्तरण गर्न सक्दछन् । संसारका बिभिन्न मुलुकहरुमा व्यावसायीहरुले आफ्ना उत्पादनका इकाईहरु स्थापना गर्न सक्दछन् । अत्याधुनिक प्रबिधिको प्रयोग गरी बस्तु तथा सेवाहरु उत्पादन गरी प्रतिस्पर्धात्मक रुपमा आपुर्ति गर्ने हुँदा सम्पूर्ण उपभोक्ताहरु गुणस्तरीय बस्तुहरु किफायती मुल्यमा उपभोग गर्ने अवसर पाउँदछन् ।

## विश्वव्यापिकरणको प्रभाव

विश्वव्यापिकरणका कारण आजको संसार सबैको पहुँचको बिषय बनेको छ । यसैका कारण संसारका बिभिन्न मुलुकहरु रोजगारीका लागि खुला भएका छन् । खास गरी नेपाल बि सं. २०४७ सालमा प्रजातन्त्रको पुनर्बहाली पश्चात उदार तथा खुला अर्थतन्त्रमा प्रवेश गरेको देखिन्छ । त्यसपछि नेपालले अन्तराष्ट्रियश्रम बजारमा प्रबेश गरेको थियो । वि.सं. २०५०।५१ सम्म बैदेशिक रोजगारीका लागि बिदेश जाने नेपालीहरुको संख्या ३,६०५ जना थियो । २०७२।७३ सम्म आइपुग्दा यो संख्यामा बृद्धिभई ३५ लाख भन्दा बढि पुगेको छ । यो आर्थिक बर्ष नेपालमा करिब ६ खर्ब बराबरको बिप्रेषण भित्रीएको छ (भट्ट, २०७३:२५) । यसरी नेपालले बर्तमान समयसम्म एक सय दश मुलुकहरु बैदेशिक रोजगारीका लागि खुला गरेको छ । विश्वव्यापिकरणबाट नेपाली जनताहरुको जीवनस्तर माथि उठाउन र आयआर्जन गर्न ठूलो सघाउ पुगेको छ । साथै बैदेशीक रोजगारीका कारण नेपालको गरिबीको संख्यामा कमी आई करिब २२ प्रतिशतमा झरेको छ ।

विकसित मुलुकहरुका व्यवसायिक संस्थाहरुले नेपालमा पनि व्यवसायिक संस्थाका इकाइहरु स्थापना गर्ने तर्फ ध्यान दिइरहेको अवस्था छ । यसैको परिणाम स्वरुप बैंक एवम् वित्तीय क्षेत्र, उत्पादन तथा सेवा मुलक क्षेत्र, मानव संसाधनको विकास आदि क्षेत्रमा पूँजी एवम् प्रबिधिको हस्तान्तरण गरेर मुलुकको श्रीबृद्धिमा ठूलो योगदान पुर्याइरहेका छन् । साथै देशभित्र बिभिन्न किसिमका बहुराष्ट्रिय निगमहरु स्थापना भइ उत्पादन तथा रोजगारीका अवसरहरु उपलब्ध गराएका छन् ।

विश्वव्यापिकरणले अन्तराष्ट्रिय बजार सबैकालागि खुला गर्ने भएबाट गुणस्तरीय बस्तु तथा सेवाले अन्तराष्ट्रिय बजारमा कारोबार बढाई उत्पादन तथा उत्पादकत्व बढाउन सहयोग पुर्याएको छ । आज संसारका हरेक ठाउँमा सम्पूर्ण उद्यमी, व्यवसायी एवम् पूँजीपतीहरु आफ्ना बस्तु तथा सेवाहरु उपलब्ध गराइ प्रतिस्पर्धामा उत्रन सक्षम भएका छन् । र उपभोक्ताहरुले पनि कम मुल्यमा स्तरिय बस्तु तथा सेवाहरु उपभोग गर्न सक्ने भएका छन् । बिभिन्न मुलुकहरुबिच रहेका व्यापारिक अबरोधहरुलाई हटाइ वा कम गरी अन्तराष्ट्रिय बजार सबैकालागि खुला गरेका छन् । संसारभरका उद्यमीहरु विश्वको हरेक ठाँउमा आफ्ना गुणस्तरीय वस्तुहरुका साथ उपस्थित भइ सेवा सुबिधाहरु उपलब्ध गराउने वातावरण यहि विश्वव्यापिकरणका कारण सृजना भएको छ। नेपाली उद्यमी एवम् व्यवसायीहरुलाइ पनि यो सुविधा उपयोग गर्ने अवसर प्राप्त भएको छ ।

विज्ञान तथा प्रबिधिको विकासले संसार एउटा सानो गाँउ बनिरहेका बेला मुलुकहरुबिच आपसी हितका आधारमा सहयोगका हातहरु फैलाउन पूँजी एवम् प्रबिधिको आदान प्रदान गर्न तथा एक-आपसमा सुमधुर सम्बन्ध स्थापित गर्न सम्भब भएको छ । बहुराष्ट्रिय निगमहरु अन्तराष्ट्रिय सहयोगका महत्वपर्ण माध्यम बनेका छन् । साथै बहुराष्ट्रिय कम्पनीहरु पूँजी, प्रबिधि, संस्कृती, मुल्यमान्यता, ज्ञान तथा बिचारको आदान प्रदान गर्ने मुख्य माध्यमहरु हुन्। यी अवसरहरुको उपयोगबाट नेपालपनि लाभान्वित भइरहेको अवस्था छ ।

औद्योगीकरण पूँजीबादको देन हो । औद्योगिक विकासकै गर्भबाट पूँजीबादको जन्म भएको हो । औद्योगिक पूँजीबादले आर्थिक बिकास एवम् सम्बृद्धिमा ठूलो मद्दत पुर्याउदछ । पूँजीबादमा आर्थिक असमानता हुने हुँदा समतामूलक समाज निर्माण गर्न पूँजीबादका खराब पक्षहरुसँग निर्मम संर्घष गरीवा न्यूनीकरण गरी समाजबादी वा लोककल्णकारी राज्य निर्माण गर्नु अनिवार्य हुन्छ । त्यसैले औद्योगिकरणका लागि आवस्यक पूँजी, प्रबिधि, श्रम एवम् कच्चा पदार्थ आदिको आपुर्ति गर्न विश्वव्यापिकरणले ठूलो मद्दत गर्दछ । नेपालको औद्योगिक विकास गर्भावस्थामा छ । यसलाइ आवस्यक पर्ने सम्पूर्ण कुराहरु अन्तराष्ट्रिय बजारबाट आपुर्ति भएमा यो कार्य सरल तथा सहज हुने देखिन्छ। आन्तरिक रुपमा उत्पादित वस्तु तथा सेवाहरुको अन्तराष्ट्रिय बजार उपलब्ध हुँदा उद्योग धन्दाहरु मौलाउने अवसर प्राप्त हुन्छ । यसले औद्योगीकरणमा मद्दत पुग्ने देखिन्छ ।

विस्वव्यापिकरणले नेपालको अर्थतन्त्रमा सकरात्मक योगदान मात्र होइन केहि नकरात्मक असर पनि पारेको छ । हाल देशको कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान मुस्किलले ५.७२ प्रतिसत छ । यो योगदान अत्पन्त नगन्य छ । नेपालले २०४७ साल पछि लिएका उदारीकरण एवम् निजीकरणका नीतिले मुलुका उद्योग धन्दाको क्षेत्र चौपट भएको छ । स्थापना गरिएका उद्योग धन्दाहरु धमाधम बन्द हुने तथा केहि उद्योगहरु निजीक्षेत्रलाइ बिक्री गर्ने काम गरेबाट नेपालमा उद्योगहरु विस्थापित भएका छन् । स्वदेशी बजार विदेशी मुलुकहरुको उत्पादनको बजार बनेको छ । राज्यले बिदेशी पूँजी एवम् प्रबिधि आकर्षित गर्ने, नयाँ उद्योग धन्दा स्थापना गर्ने तिर खासै ध्यान दिएको देखिदैन । मुलुक अन्तरनिर्भर वा आत्मनिर्भर होइन, परालम्वि बन्न पुगेको छ । हरेक बर्ष नेपालको व्यापार घाटा चुलिदै गएको छ । बिप्रेषणले केहि मात्रामा यसलाइ धाने पनि समग्रमा अवस्था नाजुक छ ।

देशभित्र बिक्रित पश्चिमी सभ्यता, संस्कृती, भेष र भुषाले बजार लिएको छ । स्वदेशीपन, संस्कृती, मुल्यमान्यता विस्थापीत हुने क्रममा छन् । यसले गर्दा देश प्रेम, स्वदेशी संस्कृति माथीको लगाब र सद्भाब घटेर गएको अवस्था छ । यसैले यी नकरात्मक पक्षहरुका बाबजुत विश्वव्यापिकरणले विदेशी पूँजी, प्रबिधि एवम् रोजगारीको क्षेत्रमा उल्लेख्य योगदान पुर्याएकाले यसबाट भरपुर फाइदा लिन सकेमा नेपालीको भबिष्य उज्वल हुने देखिन्छ ।

## निश्कर्ष

विश्वव्यापिकरण बिज्ञान तथा प्रबिधिको क्षेत्रमा भएको चमत्कारिक विकासको परिणाम हो । आज संसार ज्यादै सानो तथा साँघुरो बनेको छ । संसारको हरेक कुना काप्चा सबै मानव जातीको लागि पहुँचको बिषय भएको छ । संसारका सबै ठाँउहरुमा पूँजी, प्रबिधि, श्रम तथा अन्य उत्पादनका साधनहरुको हस्तान्तरण गर्न र मानव जातीका हितका लागि उपयोग गर्न विश्वव्यापिकरणले सम्भब बनाएको छ ।

विश्वव्यापिकरण भनेको राजनीतिक, आर्थिक, सांस्कृतिको विश्वव्यापी एकीकरण हो । यसले उदारीकरण तथा निजीकरणको आदर्शलाई आत्मसात गरेको छ । देशको साँघुरो घेरालाई भत्काइ विश्वलाइ बिचारधारात्मक, आर्थिक तथा सांस्कृतिकरुपले एकताबद्ध गरी संसारका मानिसहरुलाई विकासको प्रतिफलमा पहुँच पुर्याउने उदेश्यबाट विश्वव्यापिकरण निर्देशित छ । विश्वव्यापिकरणले संसारका बिभिन्न देशहरुमा व्याप्त श्रम, प्रबिधि, पूँजी लगाएत प्राकृतिक सम्पदाहरुको बुद्धिमतापूर्ण तथा किफायती ढङ्गले उपयोग गरी मानव मात्रको भलाइ र उन्नतिमा संसारभर पुर्याउनु वा हस्तान्तरण गर्नु यसको चाहना हो । मुलुक मुलुक बिच रहेका व्यापारिक अबरोधहरु हटाइ सस्तो, गुणस्तरीय तथा आकर्षक बस्तु तथा सेवाको आपुर्ति गरी विश्वका सबै मुलुकहरुलाइ सम्बृद्धशाली बनाउने दिशामा विश्वव्यापिकरण परिलक्षित छ ।

विश्वव्यापिकरणले साना, कमजोर तथा आर्थिकरुपले बिपन्न मुलुकहरुलाइ आफ्नो अस्तीत्व तथा पहिचान कायम राख्न धौ धौ परिरहेको अवस्था छ । स्वदेशी उत्पादनहरुले विकसीत मुलुकहरुका बस्तु तथा सेवाहरुसँग प्रतिस्पर्धा गर्न नसक्दा उद्योग धन्दाहरु बिस्थापित भइ आन्तरिक बजारहरु बिकसित मुलुकहरुको बजारमा रुपान्तरित भएका छन् । साथै साना तथा कमजोर मुलुकहरुको राष्ट्रिय स्वाधिनता जस्ता बिषय संकटग्रस्त बनेका छन् । यी खराबीहरुको बाबजुद विश्वव्यापिकरणका उपलब्धिहरुलाइ आत्मसात गर्न सके देशले छिट्टै काँचुली फेर्ने अवस्था समेत आउने देखिन्छ ।

## सन्दर्भग्रन्थ

अर्थ मन्त्रालय (२०७३), आर्थिक सर्वेक्षण, काठमाडौं : अर्थ मन्त्रालय, नेपाल सरकार

पन्त, प्रेमराज तथा अन्य, (२०७१)व्यवस्थापनको सिद्धान्त, काठमाडौं : बुद्ध एकेडेमिक पव्लीसर्स एण्ड डिस्ट्रिव्युटर्स

पौड्याल, सन्तोषराज तथा अन्य (२०७१): व्यवस्थापनको सिद्धान्त, काठमाडौं : अस्मिता प्रकासन

न्यैपाने, गुरुप्रसाद(२०४९), नेपालको अर्थशास्त्र, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

भट्ट, गुणराज, (२०७३), नेपाली अर्थतन्त्रमा रेमिट्यान्स आय : सकारात्मक विश्लेषण, मिर्मिरे , काठमाडौं : नेपाल राष्ट्र बैंक, बर्ष ४४, अङ्क ५, पूर्णाङ्क ३३६ ।

शर्मा, निलमकुमार (२०६५), नेपालको अर्थशास्त्र, काठमाडौं : पैरवी प्रकाशन

www.nrb.com.np